बिनासित्तैको निष्ठा

मानिसले आफ्नो आत्मा गुमाउनका दुई मुख्य कारणहरु छन् । ती के हुन् ?

१. उसले कुनै निष्ठा बिना नै जीवन जिएर र मृत्यु अङ्गालेर आफ्नो आत्मा गुमाउन सक्छ । एक दानव झैं जिउन र मर्न सक्छ, बिना कुनै बिन्ती र प्रार्थना, अनुग्रहहिन, विश्वासहिन । यस्तो जीवन जियाई पश्चात नर्क निश्चित छ । बिचार गरौं र यो बाटो अपनाऔं ।

२. कुनै एउटा निष्ठातर्फ आफ्नो ध्यान केन्द्रित गरेर पनि आफ्नो आत्माको अस्तित्व गुमाउन सक्छ । व्यर्थको अर्थात् झुठो विश्वासमा आफ्नो जीवन व्यतित गरेर अनि अर्थहिन आशा राखेर । यो सबैभन्दा साझा मार्ग हो जसले हामीलाई नर्कतर्फ पुऱ्याउछ ।

बप्तिसमा लिसक्नुभएका यस्ता धेरै प्रभुका छोरा-छोरीहरु हुनुहुन्छ जसलाई ख्रिष्टको बारेमा निश्चय कुनै ज्ञान छैन । यस्ता व्यक्तिहरुको निष्ठा केही अस्पष्ट बिचार-धारा र खोक्रा भावमा आधारित हुन्छन् । "उनीहरुलाई लाग्छ कि उनीहरु अरूभनदा केही कुरामा घटी छैनन्, मण्डलीमा आवद्ध हुन्छन्, लाग्छ कि उनीहरु आफ्नो कर्तव्य निभाईरहेका छन्, कसैलाई हानी हुने कुनै कार्य गरेका छैनन्, उनीहरु आशा गर्छन कि परमेश्वरले उनीहरु माथि कृपा गर्नुहुनेछ, उनीहर विश्वास गर्छन् कि परमेश्वरले उनीहरुको पाप क्षमा गरी मृत्युपश्चात् स्वर्गको भागिदार बनाउनु हुनेछ।" उनीहरुको निष्ठाको मुल बिन्दु यहि हो ।

तर यसमा मानिहरुलाई यथार्थमा ख्रिष्टबारे के थाहा हुन्छ ? शुन्य, केही थाह हुादैन । ख्रिष्ट र उहााको कामहरु उहााले बगाउनु भएको त्यो रगत उहााको साधना, उहााको बिन्तीभाउ र उहााको सिखहरुसाग परिचित रहेर कत्तिको व्यावहारिकतामा चल्दैछन् यि मानिसहरु ? शुन्य । प्रश्न गर्नुहो उनीहरुलाई कसरी विश्वासको जगेर्ना गर्ने ? सोध्नुहोस् आत्मामा नउयाा भई उठ्ने बारे ? ख्रिष्ट येसुमा पवित्रीकरण हुने बारेमा, प्रश्न गर्नुहोस कस्तो उत्तर पाउनु हुन्छ उहााले ? असभ्यउ कहलाईनु हुनेछ यस्ता मानिसहरुको माझमा यहाा आफै नै । हुन त यउहााले उनीहरलाई साधारण बाइबलको प्रश्नहरु सोध्नु भएको हो तर उनीहरुमा व्यावहारिक ज्ञान भने कुनै मुसलमान वा बुद्धिष्टमा जति नै हुन्छ ।

यति हुादा हुादै पनि संसारभरीमा हजारौं-लाखौं मानिसहरुले मानि आएको धर्म हो यो जसलाई ख्रिष्टियन भनेर चिनिन्छ ।

यदि तपाई पनि यस्तै आसथामा, आधाकल्चो निष्ठामा अल्झि रहनु भएको छ भने म सतर्क गराउन चाहन्छु कि यसले तपाईलाई कहिल्यै स्वर्गको भागिदार बनाउने छैन। मानिसको दृष्टिकोणमा राम्रो कहलाईनु होला, मण्डलीमाको मुख्य तहमा नियुक्ति गराउनु होला, व्यापार-व्यावसायमा साथी-सङ्गीको माझ चर्चित बनिनु होला तर यस्तो कुराहरले तपाईलाई आत्मिक शान्ति र चैन भने कहिल्यै दिन सक्दैन। तपाईको अन्तर आत्मालाई कहिल्यै सन्तुष्टि दिने छैन। तपाईको आत्मालाई उद्दार र मुक्ति कहिल्यै मिल्ने छैन।

म यहााहरुलाई सचेत गराउन चाहन्छु कि, प्रभु करुणामयी र दयावान हुनुहुन्छ भन्ने अभिव्यक्ति र सिद्धान्त ख्रिष्टलाई स्वीकार नगरी वा ख्रिष्टबिना खोक्रो कल्पना र भ्रम मात्र हो।

यस्ता सिद्धान्तहरु नितान्त मानब सृजनाका प्रतिमूर्ति हुन्। यी सबै संसारका हुन् र संसारिक हुन्। स्वर्गबाट यस्ता कुराहरु कहिल्यै आएनन्। स्वर्गमा विराजमान हुनुहुने हाम्रा पिताले ख्रिष्ट येसुलाई एकमात्र उद्दारक र जीवनको बाटोको रुपमा नियुक्त गर्नुभएको छ र जो कोही पनि बचाइने छ केवल उहााद्वारा र उहाामा रहेर नै बचाइनेछ। नत्रता त्यसले कहिल्यै उद्दार-मुक्ति पाउने छैन। म यहााहरुलाई शिष्टताका साथ चेतावनी दिन चाहन्छु- "मद्वारा बाहेक कोही पनि पिताकहाा आउन सक्दैन" (यूहन्ना १४:६)।

तर म अर्को कुरा पनि भन्न चाहन्छ- त्यो विश्वास व्यर्थको हो जसमा आत्मा बचाउनैको लागि मात्र जुनसुकै कुराहरु पनि ख्रिष्ट येसुसाग जोडिदिन्छ। "किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरुले उद्दार पाएका छौं र तिमीहरु आफैबाट होइन, यो त परमेश्वरको बरदान हो- कर्महरुद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ" (एफिसी २:८-९)।

बप्तिसमा लिनुभएका यस्ता धेरै पुरुष र महिलाहरुको झुण्ड छ जसले परमेश्वरलाई उच्च आदर प्रदान गर्ने अठोट गर्दछन् तर वास्तविक जीवनमा भने परमेश्वरको अनादर गरिरहेका हुन्छन्। यस्ता मानिसहरुले परमेश्वरलाई आफ्नो धार्मिक संगठनमा स्थान त दिएका हुन्छन् तर त्यो स्थान होइन जुन परमेश्वरले उहाालाई दिइयोस भन्ने चाहनुहुन्छ। यस्ता मानिसहरुको लागि ख्रिष्ट सबैथोक हुादैन। "जुन मण्डली उहााको शरीर, उहााको पूर्णता हो। र उहााले नै सबैथोक परिपूर्ण पार्नुहुन्छ" (एफिसी १:२३)। तर होइन, या त मण्डली र ख्रिष्ट, या त ख्रिष्ट र उहााका करार, या त ख्रिष्ट र उहााका बैधानिक पुरोहितहरु, या त ख्रिष्टि र आफ्ना असल गुणहरु, या त ख्रिष्ट र आफ्नै व्यक्तिगत प्रार्थनाहरु, या त ख्रिष्ट अनि आफ्नो इमान्दारिता र त्याग-परित्यागहरु जसमा रहेर यस्ता मानिसहरुले आफ्नो आत्मा जोगाउने दाबी गर्छन्।

यदि तपाई पनि यस्तै प्रकारको विश्वासी हुनुहुन्छ भने म सतर्क गराउन चाहन्छु कि तपाईको निष्ठाले परमेश्वरलाई ठेस पुऱ्याई रहेको छ  तपाईले परमेश्वरको मुक्ति र उद्दारको योजनालाई आफ्नै परिकल्पना अनुसारका नियमहरुमा परिवर्तन गर्दै हुनुहुन्छ। परिणामस्वरुप, तपाईले परमेश्वरलाई उहााको सिंहासनबाट हटाएर उहााद्वारा प्राप्ता भएको आनन्दको भागिदार अरु कसैलाई नै बनाउादै हुनुहुन्छ। यो कुरा महत्वपूर्ण होइन कि, तपाईले निष्ठा अनि भक्तिका शिक्षाहरु कसद्वारा प्राप्त गर्दैहुनुहुन्छ ? पोपा, कार्डिनल, आर्कविशप, प्रमुख या आर्क-डिकन, पादरी या डिकन, एपिस्कोपल या प्रेस्बिटेरियन, बप्तिस वा स्वतन्त्र, मेथोडिष्ट या पइमाउथ ब्रेदेन- जसले ख्रिष्टसाग अरु कुनै कुरा थप गर्छ भने उसको शिक्षा गलत हुादछ। "मलाई आश्चर्य लागिरहेछ कि ख्रिष्टको अनुग्रहमा तिमीहरुलाई बोलाउनु हुनेलाई यति चाहि त्यागेर तिमीहरु भिन्न सुसमाचार तिर लागिरहेछौं । वास्तवमा अर्को सुसमाचार छैन, तर यस्ता कोही-कोही छन् जसले ख्रिष्टको सुसमाचारलाई भ्रष्ट पार्न खोज्दैछन्" (गलाती १:६-७) ।

तपाई ख्रिष्टसागै कुनै पनि कुरा जोड्नुहोस्, चाहे त्यो रोमको मण्डलीमा आबद्ध हुनुपर्ने खााचो, एपिस्कोपल हुने इच्छा, धार्मिक विधि त्यागेर स्वतन्त्र ख्रिष्टियन हुने चाहना या डुबेर बप्तिसमा लिने विधी मुक्तिको निश्चयताको नाममा ख्रिष्टसाग कुनै पनि कुरा जोड्ने बित्तिकै तपाईले ख्रिष्टलाई चोट पार्दै हुनुहुन्छ।

तपाई के गर्दै हुनुहुन्छ ? सावधान रहनुहोस् । ख्रिष्टलाई दिनुपर्ने आदर र महिमा उहााको दासलाई यो दिदा हुनुहुन्छ कि ? कतै ख्रिष्टद्वारा चुनिएका पुरोहितहरुलाई ख्रिष्टले पाउनु पर्ने सम्मान दिादै हुनुहुन्छ कि ? ध्यान पुऱ्याउनुहोस् आफ्नो आत्माको बोझ अरु कसैमा होइन केवल ख्रिष्टमा सुम्पनुहोस् । सावधान हुनुहोस् यस्तो निष्ठादेखि जुन व्यर्थको छ र जसले तपाईलाई बचाउ सक्दैन ।

ख्रिष्टले आफ्नो पिताकहाा भएको अनन्त ऐश (सुख) त्यागेर संसारलाई मुक्ति दिन आउनुभयो । उहााले मानस्वरुप धारण  गर्नुभयो र यस संसारमा जन्मनु भयो । मानव शरीरमा जन्म  लिएर उहााले परमेश्वरको इच्छा पूर्ण रुपले पुरा गर्नु भयो । "यिनी मेरो प्रिय पुत्र हुन्, यिनीसाग म अति प्रसन्न छु, यिनको कुरा सुन          (मत्ति १७५) । वुन हामीले पुरा गरेनौ "र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छौं" (रोमी ३:२३) । हामीले भोग्नुपर्ने परमेश्वरको क्रोध ख्रिष्ट येसुले मानव स्वरुपमा जन्म लिएर आफैं क्रुसमा भोग्नुभयो (रोमी ६:२३) । हाम्रो निम्ति उहााले अनन्त धार्मिकता ल्याउनु भयो (दानिएल ९:२४) । उहााले हामीले हरेक बन्धदेखि छुटकारा दिनुभयो ( प्रकाश ५:९, लुका १:६८) । हरेक पाप र अशुद्धता पखाल्ने मुहान

फुटाउनु भयो । हाम्रो निम्ति उहाा मर्नुभयउो । हाम्रो न्यायको समर्थन स्वरुप फेरी बौरी उठ्नु भउो (रोमी ४:२५) । पिताको दाहिने हातपट्टी ख्रिष्ट येसु बास गर्नुभयो र जबसम्म उहााका शत्रुहरु उहााको खुट्टाको पाउदान भएनन् तबसमम त्यहि बस्नुभययो (लुका २०:४२-४३) । र उहााले अहिले हामीलाई त्यहि ठाउाबाट पुकार्दै हुनुहुन्छ, जो जो उहाामा जान इच्छुक छौं, उहाामा विश्वास गर्नेहरुको मध्यस्तकर्ता भएर परमेश्वरको बोलावट अनुरुप मुक्ति र उद्दारको लागि समन्वय गर्दै हुनुहुन्छ (यूहन्ना ३, एफिसी १-२, रोमी ३:५) ।

कुनै पनि प्रकारको निष्ठा नहुनु वा आस्था नराख्नु एकदमै डरलाग्दो कुरा हो । अनन्तसम्म रहने आत्मा आफूसाग भएर पनि त्यसको वेवास्ता गर्नु झनै भयावह कुरा हो ।

तर बिनासित्तैको आस्था अर्थात् आफूलाई केही असल नगर्ने निष्ठा पनि उत्तिकै डरलाग्दो हुन्छ ।

यस्तो परिस्थिति हजुरको जीवनमा कहिल्यै नआओस् ।

website:– Bereanbaptistmission.net

Nepal Contact info:–

Inaocha SinghAayabari (Kakarbitta)

Mechinagar - 12, Jhapa Nepal

mobile: +9779819023647